केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२४/०६७/६८ मितिः २०६८/०२/०९

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि जारी एकीकृत निर्देशन, २०६७ को निर्देशन नं. १० को बुँदा नं. २ को खण्ड (क) को दोस्रो अनुच्छेदमा भएको व्यवस्थालाई देहाय बमोजिम थप व्यवस्था सहित परिमार्जन गरी छुट्टै खण्ड कायम गरिएको हुँदा सोही बमोजिम गर्न/गराउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(ख) खण्ड (क) मा जुनसुकै व्यवस्था भएता पनि संस्थापक संस्थापक वीचमा शेयर खरिद/विक्री भएमा प्रचलित कानुनको रित पुऱ्याई खरिद/विक्री गरी सो को जानकारी १५ दिन भित्र यस बैंकलाई दिनु पर्नेछ। तर, यस बैंकबाट Fit & Proper Test मापन नभएको संस्थापकले चुक्ता पुँजीको दुई (२) प्रतिशतभन्दा बढी हुनेगरी संस्थापक शेयर खरिद गर्न चाहेमा संस्थापक संस्थापक वीचमा शेयर खरिद/विक्री हुने भएता पनि यस बैंकको स्वीकृति लिनुपर्ने छ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।